# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref. No.-

प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) तथा इन्टरनेशल फाइनान्स कर्पोरेशन (आइएफसी) को संयुक्त आयोजनामा शुक्रबार 'गुड कर्पोरेट गभर्नेस मिन्स गुड बिजनेस' शिर्षकमा आधा दिवसीय विचार गोष्ठी सम्पन्न भएको छ । नेप्सेका महाप्रवन्धक शंकरमान सिंहले कार्यक्रमका सहभागीलाई स्वागत गर्दै सरकार तथा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुलाई एउटै मञ्च प्रदान गरी नेपालको सन्दर्भमा 'संस्थागत सुशासन' को बारेमा छलफल गर्ने तथा अन्तर्राष्ट्रिय अनुभव साटासाट गर्ने पहल गरिएको बताउनुभयो ।

सभासद तथा बरिष्ठ उद्योगपति पद्म ज्योतिले सक्रमणबाट गुज्रीरहेको नेपालको राजनीतिक सन्दर्भमा व्यावसायिक क्षेत्रको चर्चा गर्नुभयो । 'नेपालको व्यावसायिक क्षेत्रले राजनीतिक अस्थिरता बीचबाट आफुलाई बचाएर लैजान सकेको छ,' उहाँले भन्नुभयो । आधुनिक संस्थागत व्यावसाय नेपालको सन्दर्भमा नयाँ भएको तर्फ इंगित गर्दै आगामी दिनमा यस दिशामा प्रगति हुने विश्वास गर्नुभयो । पूँजी बजारमा वित्तीय क्षेत्रको मात्र उल्लेख्य कारोबार हुने गरेको, बहुराष्ट्रिय कम्पनीहरु सिमित लगानीकर्तामा मात्र जान सकेको, सरकारी स्वामित्वका संस्थानहरुलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्ने तथा पारिवारीक रुपमा चलीरहेका व्यवसायमा क्रमिक परिवर्तन हुदै गरेको बताउनुभयो ।

कार्यक्रममा कार्टीसा क्यापीटल, वाशिंगटनका प्रवन्ध निर्देशक माइक लुब्रानोले ब्राजिलको पूँजी बजारमा एक दशकयता भएको परिवर्तनको अध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसैगरी आइएफसीकी साना आबुजियादले पारिवारीक रुपमा संचालीत व्यवसायलाई सार्वजनि गर्न सकिने संभावनाहरुका बारेमा एक अध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभयो । यसैगरी आइएफसीकै म्याक्सीन ग्रेभीले सरकारी स्वामित्वका संस्थानहरुमा संस्थागत सुशासनको चर्चा गर्नुभयो ।

कार्यक्रममा धितोपत्र बोर्डका अध्यक्ष डा. शुरबिर पौड्यालले व्यावसायिक क्षेत्रको सुशासनलाई समग्र समाजको सुशासनसंग जोडेर हेर्नुपर्ने विचार व्यक्त गर्नुभयो । नेपालको सन्दर्भमा व्यावासायिक क्षेत्रको सुशासनमा थुप्रै कमीकमजोरी रहेको चर्चा गर्दै उहाँले यसको सुधारका लागि सरोकारवालाहरु सबै लाग्नुपर्ने बताउनुभयो ।

सबै क्षेत्रमा राजनीति हाबी भएकोले वास्तविक अर्थमा संस्थागत सुशासन लागु गर्नु चुनौतीपूर्ण काम भएको नेपाल बैंकर्स संघका अध्यक्ष सशीन जोशीको विचार थियो । 'दण्डहीनताको न्यूनीकरण र ऐनकानून कार्यान्वयनका क्षेत्रमा थुप्रै मुद्दाहरु सम्बोधन गर्न बाँकी छन,' उहाँले भन्नुभयो ।

हिमालयन डिष्टीलरीका अध्यक्ष नरेन्द्र बस्न्यातले संस्थागत सुशासन प्रवर्द्धनका लागि सरकार, नीजि क्षेत्र, नियमक र सञ्चालक सबै उत्तिकै जिम्मेवार हुनुपर्ने बताउनुभयो । 'एकले अर्कोको कमीकमजोरी औंल्याएर समाधान निस्किदैन'-उहाँले भन्नुभयो । युनिलिभर नेपालका प्रवन्ध निर्देशक कमरन बाकरले आफ्नो संस्थाले विश्वव्यापी र स्थानीय रुपमा अभ्यास गरीरहेको संस्थागत सुशासनको चर्चा गर्नुभयो । आइएफसी नेपालका राजीब गोपालले सहभागीलाई धन्यबाद दिदैं आइएफसी नाफाभन्दा माथि उठेर व्यवसाय सञ्चालन हुनुपर्छ भन्ने मान्यता अघि बढेको जानकारी दिनुभयो ।

मिति : २०६६/३/५

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.